घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ४८ औं वैठक**

मिति २०७७/०३/२५

**निर्णयहरु**

१. यस गाउँपालिका अन्तर्गतका देहाय बमोजिमका चालू आर्थिक वर्ष २०७६|७७ का आयोजनाहरूको काम विद्यमान कोभिड क्राइसिसको कारणबाट सम्पन्न हुन नसकेको, हाल ती आयोजनाहरूको काम धमाधम भईरहेको, केही समय थप गरेको खण्डमा निर्माण कार्य सम्पन्न हुने अवस्था रहेकाले त्यस्ता आयोजनाहरूको निर्माण सम्पन्न गर्नुपर्ने म्याद देहाय बमोजिम क्र.सं. १ को लागि आगामी आर्थिक वर्षको भाद्र मसान्तसम्म र अन्य आयोजनाहरूको लागि आगामी आर्थिक वर्षको साउन मसान्त सम्मको लागि थप गर्ने ।

**देहाय**

१. मार्फा गाउँमा वत्तीलाई भूमिगत गर्ने कार्य (वडा नं., २ मार्फा)
२. अधुरो ताराखेल्ने ठाउँ निर्माण (वडा नं., २ मार्फा)
३. मार्फा २ नं. को दलित भवन (वडा नं., २ मार्फा)
४. झोनाघाङ भ्यू टावर तथा पार्क निर्माण (वडा नं. ३, स्याङ)
५. स्याङ गाउँ इण्डोर हलमा किचन तथा शौचालय निर्माण (वडा नं. ३, स्याङ)
६. सामुदायिक हल मर्मत तथा जिप्सन (सिलिङ) पुथाङ (वडा नं. ३, पुथाङ)
७. खेल पूर्वाधार (खेलग्राम निर्माण) (वडा नं. ४, जोमसोम)
८. मिनी मुस्ताङ पार्क निर्माण (वडा नं., ४, जोमसोम)

२. यस गाउँपालिका वडा नं. ३ निवासी टसी गुरूङबाट यस कार्यालयमा पानी ट्याङ्की फिटिङ र पाँचै वटा वडामा सोलार स्टयाण्ड निर्माण तथा फिटिङ गरेबापत पेश हुन आएको कूल जम्मा रकम रू. ७८०००|-यस कार्यालयको सञ्चित कोषबाट भुक्तानी दिने ।

३. यस कार्यालय परिसरमा कार्यालय प्रयोजनको लागि निर्माण गर्न लागिएको थप २ कोठाको निर्माणको लागि रू. ४२९०००|- बजेट गाउँपालिकाको सञ्चित कोषबाट विनियोजन गर्ने ।

४. चालू आर्थिक वर्षमा यस कार्यालयको प्रशासनीक भवन निर्माणका लागि विनियोजन भएको रकम रू १ करोड ३० लाख मध्येबाट चालू आर्थिक वर्षको अन्त्यसम्ममा खर्च हुन बाँकी अनुमानित रकम रू. ८० लाख आगामी आर्थिक वर्षको सोही शीर्षकमा सार्नेगरी व्यवस्था मिलाउने ।

५. चालू आर्थिक वर्षको सशर्त अनुदान तर्फको राष्ट्रिय ग्रामिण तथा नवीकरणीय ऊर्जा कार्यक्रममा लाभग्राहीहरूले योगदान गर्नुपर्ने सम्बन्धित कार्यविधि बमोजिमको १०% रकम कार्यालयबाट अनुदान दिने ।

६. यस गाउँपालिका वडा नं. ४ निवासी कमला वि.क. लाई निजले दिएको निवेदन समेतका आधारमा गरिब तथा विपन्न वर्गहरूलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा गाउँपालिकाको कार्यविधिको परिधीमा रही आर्थिक सहयोग गर्ने ।

७. चालू आर्थिक वर्षमा गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत कार्यक्रम बमोजिम पशु चिकित्सक श्री आइतबहादुर थकालीले खरीद गरी ल्याएका विभिन्न कृषि सामग्रीहरूको कूल खर्च रू. १८५६१४०|- निज थकालीले नै पेश गरेका कागजातहरूको आधारमा भुक्तानी दिने ।

८. कोभिड १९ को जोखिमलाई न्यूनीकरण गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा कार्यरत सबै कर्मचारी तथा पदाधिकारीहरूको कोभिड वीमा गर्ने । र सो कार्यमा लाग्ने सम्पूर्ण रकम कार्यालयले बेहोर्ने ।

९. यस कार्यालय तथा अन्तर्गतका निकायहरूका कार्यरत कोभिड-१९ को संक्रमण व्यवस्थापनमा संलग्न जनशक्तिहरूलाई कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम चालू आर्थिक वर्षको आषाढ मसान्तसम्म कार्यालयले निर्णय गरे बमोजिम जोखिम भत्ता उपलब्ध गराउने ।

१०. संलग्न बमोजिमका तपसिलमा उल्लिखित कार्यविधि तथा निर्देशिकाहरू स्वीकृत गर्ने ।

<u>तपसिल</u>

- चालूकोष स्थापना तथा बिउपूँजी परिचालन कार्यविधि, २०७७
- कृषक समूह गठन, व्यवस्थापन तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७७
- बजार अनुगमन निर्देशिका, २०७७

११. यस गाउँपालिका वडा नं. ३, पुथाङ, एयरपोर्टमा रहेको साविक कृषि विकास कार्यालयले तयार पारेको कृषि उपज संकलन केन्द्रको घरभाडाबाट प्राप्त हुने रकम आगामी आर्थिक वर्षबाट यस कार्यालयमा ल्याउनको लागि आवश्यक प्रकृया थाल्ने ।

१२. यस कार्यालयले निर्माण गरेको राजस्व संकलन सम्बन्धी सफ्टवेयर आगामी आर्थिक वर्षको साउन १ गतेबाट सबै वडा कार्यालयहरुमा समेत प्रयोग गर्ने र सो सफ्टवेयर निर्माण गर्दा लागेको खर्च रू. ४३८०००|- (भ्याट बाहेक) म्याट्रिक्स सफ्टेक प्रा.लि., काठमाण्डौंलाई भुक्तानी दिने ।

१३. यस कार्यालयले तयार पारेको होटल व्यवस्थापन वेभसाइट tourism.gharapjhongmun.gov.np आजैका मितिदेखि on air गराउने र सो वेभसाइट तयार गर्दा लागेको कूल खर्च रू ३३९०००|- (भ्याट समेत) आइडियाब्रिड आइ.टी. सलुसन प्रा.लि., काठमाण्डौंलाई गाउँपालिकाको सञ्चित कोषबाट भुक्तानी दिने ।

१४. यस कार्यालयले तयार पारेको न्यूज पोर्टल mustangkhabar.com आवश्यक सबै प्रकृयागत प्रावधानहरू पूरा गरी on air गर्ने र सो पोर्टल तयार पार्दा लागेको कूल खर्च रू. १२५४३०|- (भ्याट समेत) निर्माण कम्पनी आइडियाब्रिड आइ.टी. सलुसन प्रा.लि., काठमाण्डौंलाई गाउँपालिकाको सञ्चित कोषबाट भुक्तानी दिने ।

१५. यस कार्यालयमा करारमा कार्यरत सहायक स्तर चौथो तहका कर्मचारी श्री सविना थकालीको करार अवधी आगामी आर्थिक वर्ष २०७७|७८ को छ महीनाको लागि थप गर्ने ।

१६. लोक सेवा आयोग, बागलुङ कार्यालयबाट सिफारिस भई यस कार्यालयमा मिति २०७६|१२|१० गते नियुक्ति लिई हाजिर भएका असिष्टेण्ट सब इन्जिनियर खगेन्द्र क्षेत्री तत्पश्चात विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेको र निजले कोभिड १९ को कारणले गर्दा लकडाउनमा परी कार्यालयमा उपस्थित हुन नसकेको भनी मिति २०७७|०३|१४ गते यस कार्यालयमा उपस्थित भई निवेदन गरेकोमा कार्यालयले निजलाई छुट्टै कागजमा हाजिर जनाउन लगाउँदै आएकोमा निज विदा स्वीकृत नगराई अनुपस्थित रहेको अवधिको तलबभत्ता भुक्तानी नगर्ने गरी हालको विद्यमान कोभिड क्राइसिसले सृजना गरेको विषम परिस्थितिलाई मध्यनजर गर्दै निजलाई २०७७|०३|१४ गतेदेखि नै लागू हुने गरी कार्यालयको मूल हाजिरी किताबमा हाजिर गराउन कार्यालयलाई निर्देशन दिने ।

१७. प्रत्येक वडामा यस गाउँपालिकाको आर्थिक ऐन बमोजिम चालू आर्थिक वर्षमा उठाउनुपर्ने कर तथा गत वर्षहरूको बक्यौता कर तदारूकताका साथ उठाउन लगाउने, कर नतिर्ने करदाताहरूलाई निजहरूले तिर्नुपर्ने कर यहि आषाढ महिनाको मसान्तसम्म तिर्नुपर्ने अन्यथा निजहरूको नाम नामेसी सार्वजनिक गर्ने बेहोराको पत्राचार गर्न गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूलाई निर्देशन दिने ।

१८. सर्वोच्च अदालतको आदेशले स्थानीय तहका सबै पदाधिकारीहरूको पारिश्रमिक रोकिएको विद्यमान अवस्थामा गाउँ कार्यपालिकाको बैठकमा सहभागी हुने सबै पदाधिकारीहरू समेतलाई चालू आर्थिक वर्षको कार्तिक महीनादेखि लागू हुने गरी प्रत्येक बैठकको रू

१५००|- का दरले बैठक तथा यातायात खर्च उपलब्ध गराउने । उक्त रकम चालू आर्थिक वर्षको "पदाधिकारी तलब" शीर्षकबाट भुक्तानी गर्ने ।

१९. चालू आर्थिक वर्षमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत यस गाउँपालिका वडा नं. ३ मा निर्माण भईरहेको पुथाङ एयरपोर्ट स्वागत प्रवेशद्वारको विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा परामर्शदातालाई दिनुपर्ने नियमानुसारको रकम प्राविधिकको लागत अनुमानको आधारमा सम्बन्धित परामर्शदातालाई सोही साझेदारी कार्यक्रम तर्फको बजेट शीर्षकबाट भुक्तानी गर्ने ।

२०. यस गाउँपालिकाको वडा नं. ४ र ५ को लागि खरीद गरिएका मोटरसाइकलहरूको नियमानुसारको भुक्तानी रकम अनुमोदन गर्ने ।

२१. यस कार्यालयमा कार्यरत तपसिलका कर्मचारीहरूलाई निजहरूले गरेको अतिरिक्त समयको कार्यसम्पादनको आधारमा यहि २०७७ सालको बैशाख महीनाबाटै लागू हुनेगरी चालू आर्थिक वर्षको बाँकी महीनाहरूको लागि मात्र तपसिलमा उल्लिखित बमोजिमको अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

**तपसिल**

| क्र.सं. | कर्मचारीको नामथर | पद | प्रोत्साहन भत्ता/मासिक |
|---|---|---|---|
| १ | नेत्रप्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत | १७००० |
| २ | केदार सिंह थापा | अधिकृत छैटौं (प्रशासन) | १५००० |
| ३ | सकलदेव शर्मा | सि. इन्जिनियर (प्राविधिक) | १५००० |
| ४ | अशोक कुमार खड्का | लेखा अधिकृत (लेखा) | १५००० |
| ५ | हरि पराजुली | सब इन्जिनियर (प्राविधिक) | १३००० |
| ६ | आशिष भण्डारी | लेखापाल (लेखा) | १३००० |
| ७ | राजन कंडेल | सब इन्जिनियर (प्राविधिक) | १३००० |
| ८ | सन्देश थकाली | सब इन्जिनियर (प्राविधिक) | १०००० |
| ९ | कपिल कुमार श्रीस | सवारी चालक | ५००० |